नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

मानव अधिकार तथा जनसरोकार समिति

२०८३ साउन १३ गते, बुधबार, काठमाडौ ।

सुनसरी जिल्लाको कप्तानगञ्ज लगायतका क्षेत्रमा मिति २०८३ साउन १० र त्यसपछि भएको घटनाहरुप्रति नेपाल बार एशोशिएसन, मानव अधिकार तथा जनसरोकार समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल बार एशोसिएशन सदैव बिधिको शासन, संवैधानिक सर्वोच्चता, धार्मिक स्वतन्त्रता तथा नागरिकका राजनीतिक, धार्मिक, सामाजिक अधिकारको पक्षमा रहेको सन्दर्भमा सुनसरीमा घटेको घटना धार्मिक सहिष्णुता बिरोधी नहोस, कोही कुनै धार्मिक संस्थाका नाममा अतिरञ्जित कृयाकलाप नगर्न नगराउन नेपाल सरकार, घटनामा प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा रहनु भएका सवै महानुभावहरु, लगायत सम्बन्धित सबैमा हार्दिक अपिल र अनुरोध गर्दछौं ।

धार्मिक रुपमा मनाईने जात्रा एवम् पर्वहरुलाई ब्यबस्थापन गर्दै सौहाद्रपूर्ण रुपमा आफ्ना धार्मिक गतिविधिहरु सञ्चालन गर्न पाउने संवैधानिक एवम् नैसर्गिक अधिकारप्रति सवैको सरोकार रहनु स्वभाविकै रहन्छ । घटना पश्चात भएका हिसांत्मक गतिविधिबाट नागरिकको ज्यान जानु दुखद घटना हो । जसको क्षती कुनै पनि किसिमबाट पूर्ति गर्न सकिंदैन ।

यसै सन्दर्भमा घटनामा ज्यान गुमाउने ओम प्रकाश मेहताप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै मृतक परिवारलाइ आवश्यक क्षतिपूर्ति प्रदान गरी घाइतेहरुको शिघ्र स्वास्थ लाभको कामना गर्दै उहाँहरुको निशुल्क उपचारका लागि हामि जोडदार माग गर्दछौ । उल्लिखित घटनामा गोली चल्नु पर्ने अवस्था थियो या थिएन, गोली कसरी कोबाट प्रहार भयो, भविष्यमा यस्ता घटना नदोहोरीन के कस्ता कार्य गर्न आवश्यक छ भन्ने सम्बन्धमा नेपाल सरकारले यथाशिघ्र उचित कदम चालोस भन्ने हाम्रो सरोकार र माग सम्बन्धित निकाय समक्ष राख्दछौ । सामान्य घटनालाई अतिरञ्जित बनाई कोही–कसैले राजनीतिक आवरणमा दोषी कोही उम्कने वातावरण नवनाउन सरकारले तत्काल ठोस कदम अगाडि बढाउन समेत आग्रह गर्दछौ ।

साथै, मानव अधिकारको संरक्षणका लागि सबै तह र तप्काहरु अत्यन्त संवेदनशील भइ संयमता अपनाइ शान्ति र सदभाव कायम गर्न आवश्कय कदम चाल्न हुन नेपाल बार एशोसिएशनका एकाइ लगायत सबै संघ संस्था एवम् नागरिक समुदाय समक्ष हार्दिक अनुरोध गर्दछौ ।

अधिवक्ता किरण न्यौपाने
सदस्य सचिव

अधिवक्ता डा. राजेन्द्र घिमिरे
सह संयोजक